# अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तन सम्बन्धी अवधारणा पत्र (Project Concept Note ,PCN) आव्हान गरिएको सूचना

मितिः २०७९।४।२६

प्रदेश सरकारले उदीयमान प्रविधिको विकास र नवप्रवर्तनमा युवा वैज्ञानिकहरुलाई संलग्न गराई अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनमा क्षमता विकास गर्दै प्रदेशको उच्च आर्थिक वृद्धि र नागरिकको जीवन पद्धतिलाई सरल र सहज बनाउन योगदान पुऱ्याउने उदेश्यले युवा वैज्ञानिक प्रोत्साहन कोषको स्थापना गरेको छ । यसै अनुरुप कोषले विभिन्न क्षेत्रमा छरिएर रहेका प्रतिभाशाली युवा वैज्ञानिक वा नवप्रवर्तकहरुलाई प्रदेशको समृद्धिकालागि युवा वैज्ञानिक प्रोत्साहन कोषको प्राथमिकता प्राप्त क्षेत्रका विषयमा आवश्यक अनुसन्धान, नवप्रवर्तन र प्रविधिविकासका साथै प्रोटोटाइप समेत विकास गर्न ईच्छुक युवा वैज्ञानिकहरुले आयोजना अवधारणा पत्र (Project Concept Note) मन्त्रालयको वेभसाइट www.mosd.bagamati.gov.np को युवा वैज्ञानिक पोर्टल मार्फत अनलाइन वा वर्ड र पिडिएफ फाइल बनाई youth.scientist2020@gmail.com मा पेश गर्न सक्ने व्यवस्था मिलाएकोछ। कोषको प्राथमिकता प्राप्त क्षेत्रका अतिरिक्त देहायका विषयमा समेत आयोजना अवधारणा पत्र (Project Concept Note) आव्हान गर्ने भनि कोष सञ्चालक समितिको वैठकवाट निर्णय भएको हुदा सोहि वमोजिक अवधारणापत्र पेश गर्नुहुन अनुरोध छ ।

| क्षेत्र | विस्तृतिकरण |
|---|---|
| क) सुलभ तथा बलियो आवास निर्माणमा प्रयोगहुने निर्माण सामाग्री र डिजाईन सम्बन्धी अनुसन्धान र नवपवर्तन | • स्थानीय श्रोत, साधन र सामाग्रीको अधिकतम प्रयोग गरी नवीनतम निर्माण सामाग्री वा पदार्थको विकास ।<br>• मौलिक र परम्परागत ज्ञान, सीप, प्रविधि जगेर्ना र विकास ।<br>• वृद्ध-वृद्धा र अपाङ्गमैत्री आवासको डिजाईन ।<br>• आवास भवनमा न्यूनतम उर्जाको प्रयोग र वातावरण अनुकुलित प्रविधिको विकास<br>• घरेलु फोहर व्यवस्थापन र हरित र सुन्दर वातावरण निर्माणका उपाय तथा विधिहरू |
| ख) सकृय पेशाबाट निवृत्त दक्ष ब्यक्तिहरूको अनुभव ज्ञान र विशेषज्ञता उपयोग गर्न आन्तरिक पर्यटन मार्फत ग्रामिण अर्थतन्त्र, स्वास्थ्य, सुशासन र सामाजिक विकास सम्बन्धी डिजिटल सोलुसनमा आधारित नवपवर्तन । | • सेवा निवृत्तहरूको ग्रामीण पर्यटन मार्फत् स्थानीय अर्थतन्त्र उकास्ने विधि र तरिका ।<br>• स्थानीय उत्पादनको पहिचान, शुद्धता, उपभोग र विस्तार सम्बन्धी नेटवर्क<br>• स्थानीय पर्यटकीय क्षेत्र, भूगोल, समुदाय तथा संस्कृतिको पहिचान सम्बन्धी नेटवर्क ।<br>• सेवा निवृत्तहरूको ज्ञान, सिप र अनुभवको आदनप्रदान र प्रविधि हस्तान्तरण सम्बन्धी नेटवर्क<br>• सेवा निवृत ब्यक्तिहरूका लागि ग्रामीण भेगमा बास बस्न सुरक्षित र सुलभ आवास तथा होमस्टेको डिजाइन ।<br>• ग्रामीण पर्यटनको उपयोगमा आउने आवास (कटेज वा होमस्टे), सुरक्षा, सुविधा, सरसफाई, स्वास्थ्य र खानपानको स्वच्छतामा मापदण्ड निर्धारण ।<br>• स्थानीय निकायको आवश्यकता र सेवा निवृत्तहरूको ज्ञान र सीपको बीचको सम्बन्ध सेतु नेटवर्क स्थापना । |
| ग Smart waste Management सम्वन्धी नवपवर्तन | |
| घ) मौलिक परम्परागत ज्ञान सीप र प्रविधिको आधुनिकिकरण सम्बन्धी नवपवर्तन | • बागमती प्रदेश भित्र प्राचीनकाल देखिका मानव जीवन उपयोगी मौलिक सीप, ज्ञान, प्रविधिको ब्यावशायिकरण र आधुनिकीकरण |
| ङ) अपाङ्गता भएका व्यक्तिको गुणस्तरीय शिक्षा र सहज जीवनयापन सम्बन्धी नवपवर्तन | • बौद्धिक तथा शारिरीक अपाङ्गता भएका नागरिकहरूका लागि सिक्ने सिकाईका नवीनतम विधि, अपाङ्गमैत्री नवीनतम ब्यवहारिक र व्यावशायिक शिक्षा, जीवनयापनमा सहजकताका उपायहरू |
| च) गणित र विज्ञान तथा प्रविधिको | • वालबालिकाहरूमा विज्ञान सिकाईलाई रूचीपूर्ण वनाई उनीहरूमा वैज्ञानिक संस्कारको विकास |

CamScanner

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | |
|---|---|
| सिकाइलाइ रुचि र अर्थपुर्ण वनाउन विधि सामाग्री सम्वन्धी नवपवर्तन | गर्न नवीनतम शैक्षिक सामाग्री तथा विज्ञान सिकाईका विधिहरु |
| छ) विउ विजनको गुणस्तर सुनिश्चित गरि उत्पादन र उत्पादकत्व वढाउने नवपर्वतन | • कृषिका विउ बीजनको उमार शक्ति परिक्षण विधि, कृषि बीऊ बीजन र पशु पन्छीको उत्पादन र उत्पादकत्व सुनिश्चितताको लागि आनुवंशिक परिक्षणको विधि, परागशेचनका लागि वैकल्पिक विधिहरु, बाली विशेष मल खादको को विकास, पशु पन्छी र मत्स्य विशेष आहारको विकास, नयाँ प्रजातीका च्याउ र तरकारी बीउबीजनको विकास, मोलिकुलर ब्रिडिङ ईत्यादि । |

ख) आयोजना अवधारणा पत्र (PCN) साथ पेश गर्नुपर्ने कागजात एवम् शर्तहरु

१. माथि उल्लेखित प्राथमिकताप्राप्त क्षेत्रहरु भित्र पर्नेगरी औपचारिक पत्रसहितको आयोजना अवधारणा पत्र (PCN) पेश गर्नुपर्ने छ ।

२.आवेदकको उमेर ४० बर्ष ननाघेको हुनु पर्नेछ ।

३.अनुसन्धान तथा नवप्रवर्तन कार्यमा संयुक्त, समूह र साझेदारीमा कार्यगर्ने आवेदकहरुलाई प्राथमिकता दिइनेछ।

४.आवेदन दिने युवावैज्ञानिकहरुले आफूले काम गर्न चाहेको अनुसन्धानशाला /प्रयोगशाला /कार्यशाला वा संस्थाको आधिकारिक सहमति पत्र सहित पेश गर्नुपर्नेछ।

५.आवेदकहरुको अनुसन्धान नवप्रवर्तनका लागि सुपरिवेक्षकको आवश्यकता हुनेहुदाँ आवेदकले आवेदन पत्रका साथ सम्भावित सुपरिवेक्षकको सहमति पत्र र वायोडाटा पेश गर्नुपर्नेछ। तर आवेदकले त्यस्तो सुपरिवेक्षक प्राप्त गर्न नसकेमा कोषलाई कस्तो खालको विषयगत सुपरिवेक्षक चाहिने हो सो व्यहोरा खुलाई निवेदन दिनु पर्नेछ ।

६. नवीनतम वैज्ञानिक सोच र प्रविधि विकासगर्ने क्षमता भएका जुनसुकै विषय र योग्यता भएका युवा वैज्ञानिकहरुले आवेदन दिन सक्नेछन्।

७. सोच तालिका(Log Frame) सहित यस कोषको ढाँचा अनुसार लेखिएको आयोजना अवधारणा पत्र (PCN) मध्ये वर्ड फाइलमा प्रस्तावकको परिचय नखुलेको हुनुपर्ने छ । कुनै पनि पानामा व्यक्ति वा संस्थाको परिचय दिने खालका साङ्केतिक चिह्न वा सङ्केत पाईएमा त्यस्ता आयोजना अवधारणा पत्रलाई स्वतः रद्द गरिने छ । तर पिडीएफ फाइलमा अन्य आवश्यक दस्तावेदहरु सहीत एकमुष्ठ रुपमा व्यक्तिगत प्रोफाइलहरु राख्न सकिनेछ।

८. आयोजना अवधारणा पत्र (PCN) कोषको निर्धारित ढाँचा अनुसार हुनु पर्नेछ । यथार्थतामा आधारित भएको र प्रतिफल दिने किसिमका आयोजना अवधारणा पत्रहरुलाई मात्र प्रारम्भिक छनौट गरिने छ ।

९.आयोजना अवधारण पत्र (PCN) सहित संस्था दर्ता र भ्याट दर्ताको प्रमाणपत्रको प्रतलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतलिपि, व्यक्तिको हकमा नागरिकताको प्रतलिपि र कार्य अनुभव भएमा सोसँग सम्बन्धित कागजातहरु आयोजना अवधारणा पत्र (PCN) को पिडिएफ फाइल सँगै एकमुष्ठमा पेश गर्नुपर्ने छ ।

१०. आयोजना अवधारणा पत्र (Project Concept Note) को ढाँचा मन्त्रालयको वेभसाइट www.mosd.bagamati.gov.np मा हेर्न सकिने छ ।

११. आयोजना अवधारणा पत्र (Project Concept Note) पेश गर्ने व्यक्ति बागमती प्रदेशको बसोबास भएको हुनुपर्ने छ भने कम्पनी बागमती प्रदेशमा स्थापना भई आयोजनामा बागमती प्रदेश भित्र सञ्चालन गर्नुपर्नेछ ।

CamScanner